६

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| | |
|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| अ) १००० सी.सी. सम्म | रु. १९,०००।- |
| आ) १००१ देखि १५०० सी.सी. सम्म | रु. २१,०००।- |
| इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।- |
| ख) डोजर, एक्साभेटर, लोडर, रोलर, टिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| अ) डोजर, एक्साभेटर, लोडर, रोलर, टिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| आ) मिनीटिपर | रु. २५,०००।- |
| ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| अ) थ्री ह्वीलर र टेम्पो | रु.५,०००।- |
| आ) ट्रेक्टर | रु.४,०००।- |
| इ) पावर टिलर | रु.३,०००।- |
| घ) मिनिट्रक/मिनिबस | रु.२२,०००।- |
| ङ) ट्रक/बस | रु.३०,०००।- |
| च) मोटर साइकल | |
| अ) १२५ सी.सी. सम्मको | रु.२,५००।- |
| आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४,०००।- |
| इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.८,०००।- |
| ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१५,०००।- |
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| अ) १३०० सी.सी. सम्म | रु.८,०००।- |
| आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९,०००।- |
| इ) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.११,०००।- |

| | |
|---|---|
| ङ) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३,०००/- |
| ट) ४००१ सी.सी. र साभन्दा माथि सबै | रु.१५,०००/- |
| **ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | रु.१७,०००/- |
| ग) थ्री ह्वीलर र टेम्पो | रु.४,०००/- |
| घ) ट्र्याक्टर | रु.२,५००/- |
| ङ) पावर टिलर | रु.२,०००/- |
| च) मिनीट्रक, मिनीबस | रु.१५,०००/- |
| छ) मिनी टिपर | रु.१८,०००/- |
| ज) ट्रक, बस | रु.१६,०००/- |

| | |
|---|---|
| ३ | नेपाल सरकार, प्रदेश र स्थानिय तहको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४ | विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५ | रुट ठेक्का मिलिने एक वर्षभन्दा कम अवधि भएका बाहनमाथि सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । |
| ६ | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार वा प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७ | बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा बीस वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन । |
| ८ | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा पचास प्रतिशत छुट पाउनेछन् । |
| ९ | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रूपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ठ भुक्तान गरी नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दश प्रतिशत छुट हुनेछ । |
| १० | सार्वजनिक सङ्ग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११ | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२ | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १४. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन । |
| १५ | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । तर यस्तो छुट बढीमा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १६ | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १८ | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन |